# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६४) काठमाडौं साउन १९ गते, २०७१ साल (संख्या १४

## भाग ३

### नेपाल सरकार

### संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सूचना

### पर्वतीय प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) (तेस्रो संशोधन) आदेश, २०७१

पर्वतीय प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "पर्वतीय प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश (तेस्रो संशोधन) आदेश, २०७१" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

२. **पर्वतीय प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०५९ को दफा ३ मा संशोधनः** पर्वतीय प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०५९ (यसपछि "मूल आदेश" भनिएको) को दफा ३ को उपदफा (२) को,-

(१) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) प्रतिनिधि, वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय -सदस्य"

(२) खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छ :-

"(घ१) प्रतिनिधि, शिक्षा मन्त्रालय -सदस्य"

(३) खण्ड (छ) पछि देहायको खण्ड (छ१) थपिएको छ :-

"(छ१) अध्यक्ष, नेपाल राष्ट्रिय पर्वतारोहण पथ प्रदर्शक संघ -सदस्य"

३. **मूल आदेशको दफा ४ मा संशोधनः** मूल आदेशको दफा ४ को,-

(१) खण्ड (ख) पछि देहायका खण्ड (ख१) र (ख२) थपिएका छन् :-

"(ख१) पर्वतीय पर्यटन तथा सहासिक पर्यटनको विकासको लागि आवश्यक पर्ने उच्चस्तरीय जनशक्ति उत्पादन गर्ने पर्वतीय पर्यटन सम्बन्धी शैक्षिक कार्यक्रम सञ्चालन गर्ने,

(ख२) खण्ड (क) र (ख) बमोजिम सञ्चालित तालीम, प्रशिक्षण तथा शैक्षिक कार्यक्रममा सहभागी हुने व्यक्तिलाई प्रमाणपत्र दिने,"

(२) खण्ड (ङ) पछि देहायका खण्ड (ङ१) र (ङ२) थपिएका छन् :-



१६५
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

"(ङ१) पर्वतीय क्षेत्रमा वातावरणीय सरसफाईको कार्यक्रम सञ्चालन गर्ने,

(ङ२) पर्वतीय पर्यटनलाई सहासिक खेलकुदको रुपमा विकास, बिस्तार र प्रबर्द्धन गर्ने,"

४. **मूल आदेशको दफा ७ मा संशोधनः** मूल आदेशको दफा ७ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ :-

"(३) समितिले यस दफा बमोजिम कर्मचारी नियुक्ति गर्नु अघि नेपाल सरकारबाट दरबन्दी स्वीकृत गराउनु पर्नेछ ।"

५. **मूल आदेशको दफा १४ मा संशोधनः** मूल आदेशको दफा १४ को उपदफा (४) मा रहेका "पर्वतीय प्रशिक्षण प्रतिष्ठान" भन्ने शब्दहरुको सट्टा "पर्वतीय प्रशिक्षण प्रतिष्ठान (माउण्टेन एकडेमी)" भन्ने शब्दहरु राखिएका छन् ।

आज्ञाले,
**रञ्जनकृष्ण अर्याल**
नेपाल सरकारको नि. सचिव

**नेपाल सरकार**

## भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

## मालपोत (पाचौं संशोधन) नियमावली, २०७१

मालपोत नियमावली, २०३६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

मालपोत ऐन, २०३४ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु वनाएको छ ।



१६६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भः- (१) यी नियमहरुको नाम "मालपोत (पाचौं संशोधन) नियमावली, २०७१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. मालपोत नियमावली, २०३६ को नियम ५ख. मा संशोधनः मालपोत नियमावली, २०३६ मा रहेको नियम ५ख. को सट्टा देहायको नियम ५ख. राखिएको छः-

"५ख. न्युनतम मूल्य निर्धारण समितिको गठनः- (१) रजिष्ट्रेशन हुने लिखतमा थैली अंक कायम गर्ने प्रयोजनका लागि प्रत्येक मालपोत कार्यालय क्षेत्रमा देहायका अध्यक्ष तथा सदस्यहरु रहेको एक न्युनतम मूल्य निर्धारण समिति गठन हुनेछः-

(क) प्रमुख, जिल्ला अधिकारी -अध्यक्ष

(ख) जिल्ला विकास समितिको सभापति वा निजले तोकेको जिल्ला विकास समितिको सदस्य -सदस्य

(ग) प्रमुख, नापी कार्यालय -सदस्य

(घ) आन्तरिक राजस्व कार्यालय भएको जिल्लामा सो कार्यालयको प्रमुख र सो कार्यालय नभएको जिल्लामा कोष तथा लेखा नियन्त्रण कार्यालयको प्रमुख -सदस्य

(ङ) नेपाल राष्ट्र बैंकले तोकेको स्थानीय



१६६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वाणिज्य बैंकको प्रतिनिधि -सदस्य

(च) जिल्लास्थित उद्योग वाणिज्य संघको प्रतिनिधि -सदस्य

(छ) प्रमुख, मालपोत कार्यालय सदस्य -सचिव

(२) उपनियम (१) बमोजिमको समितिको वैठकमा आवश्यकतानुसार सम्बन्धित विषयका विज्ञलाई आमन्त्रण गर्न सकिने छ ।

(३) उपनियम (१) बमोजिमको समितिले प्रत्येक वर्ष आषाढ मसान्तभित्र जग्गाको न्यूनतम मूल्य निर्धारण गर्नेछ ।

(४) उपनियम (१) बमोजिमको समितिले रजिष्ट्रेशन हुने लिखतमा थैली अंक कायम गर्ने प्रयोजनको लागि देहायको आधारमा जग्गाको न्यूनतम मूल्य निर्धारण गर्न सक्नेछः-

(क) जग्गासंग सडक वा बाटो जोडिए नजोडिएको र सो को प्रकार,

(ख) जग्गाको प्रयोजनको अवस्था,

(ग) जग्गाको वस्तुगत अवस्थिती,

(घ) चालु आर्थिक वर्ष कारोवार भएको सोही क्षेत्रको खरिद विक्री मूल्य,

(५) उपिनयम (१) वमोजिमको समितिले कुनै जग्गाको न्युनतम मूल्य निर्धारण गर्दा चालु आर्थिक वर्ष भन्दा कम मूल्य निर्धारण गर्नु पर्ने भएमा त्यसको कारण खुलाई



९६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

स्वीकृतिको लागि नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(६) उपनियम (१) वमोजिमको समितिको बैठक सम्वन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।"

आज्ञाले,

लोकदर्शन रेग्मी

नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



१६८३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।